*"मानव अधिकार रक्षा र विकास जनताको सचेतन, जागरण र सङ्गठित आवाजबाट मात्र सम्भव छ ।"*

**– अथक मानव अधिकार योद्धा प्रकाश काफ्ले**



# प्रकाश मानव अधिकार पुरस्कार २०८३

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालको मानव अधिकार आन्दोलनको जग बसाल्ने अथक योद्धा स्वर्गीय प्रकाश काफ्ले सधैं प्रेरणाको स्रोत बन्नुभएको छ । २०४९ साल साउन १६ गते (जुलाई ३१, १९९२) नुवाकोटको घोप्टेभिरमा भएको थाई एयरवेज विमान दुर्घटनामा परी उहाँको निधन भएको थियो । उहाँ इन्सेकका संस्थापक महासचिव हुनुहुन्थ्यो र जीवनभर शोषण, विभेद, अत्याचार तथा मानव अधिकार उल्लङ्घनविरुद्ध निरन्तर संघर्ष गर्नुभयो ।

स्व. प्रकाश काफ्लेको अमर स्मृति र उहाँको मानव अधिकारप्रतिको अटल समर्पणलाई चिरस्थायी बनाउने उद्देश्यले इन्सेकले वि.सं. ०५१ सालमा प्रकाश मानव अधिकार पुरस्कारको स्थापना गरेको हो । यो पुरस्कार प्रत्येक वर्ष प्रकाश स्मृति दिवसका अवसरमा प्रदान गरिन्छ । यसले नेपालमा मानव अधिकार, सामाजिक न्याय, समावेशिता र सुशासनको क्षेत्रमा अग्रणी भूमिका खेलिरहेका व्यक्तित्वहरूलाई प्रोत्साहन र सम्मान गर्दछ ।

पुरस्कारमा पचास हजार रुपैयाँ नगद, सम्मान-पत्र र इन्सेकको प्रतीक चिह्न समावेश छ । स्थापना कालदेखि हालसम्म विभिन्न क्षेत्रका ३० भन्दा बढी अभियन्ताहरू यसबाट सम्मानित भइसक्नुभएको छ । बाल साहित्य तथा ग्रामीण पत्रकारिता, महिला मताधिकार, कमैया तथा हलिया मुक्ति, दलित अधिकार, स्वास्थ्य सेवा विस्तार, वातावरण संरक्षण, संक्रमणकालीन न्याय, स्थानीय स्तरको अभियान जस्ता विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरूले यो सम्मान प्राप्त गर्नुभएको छ ।

प्रकाश मानव अधिकार पुरस्कार २०८३ का लागि निम्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका सम्भावित व्यक्तित्वहरूको छनोट गरिनेछ :

- जातीय विभेद, छुवाछूत र सामाजिक अन्यायविरुद्ध सक्रिय अभियान सञ्चालन गर्ने अभियन्ता
- स्थानीय तहमा मानव अधिकार संरक्षण, प्रवर्धन र सचेतना अभियानमा क्रियाशील व्यक्तित्व
- पत्रकारिता तथा सञ्चार माध्यममार्फत मानव अधिकारको पैरवी र उजागर गर्ने व्यक्ति
- भूमि अधिकार, प्राकृतिक स्रोत संरक्षण तथा कृषक अधिकारको क्षेत्रमा काम गर्ने अभियन्ता
- महिला अधिकार, लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि निरन्तर संघर्षरत् कर्मी
- बाल अधिकार संरक्षण, बालश्रम, बालविवाह तथा बाल हिंसाविरुद्ध सक्रिय व्यक्ति
- शिक्षा र स्वास्थ्य जस्ता आधारभूत अधिकार सुनिश्चित गर्न निरन्तर क्रियाशील व्यक्तित्व
- संक्रमणकालीन न्याय, पीडित अधिकार तथा द्वन्द्वकालीन मुद्दाहरूको सम्बोधनमा योगदान दिने अभियन्ता
- लोकतन्त्र सुदृढीकरण, मानव अधिकार तथा सुशासन प्रवर्धनमा योगदान पुऱ्याउने व्यक्ति
- ग्रामीण, दुर्गम तथा पिछडिएका क्षेत्रमा इन्सेकसँगै मानव अधिकार अभियान सञ्चालन गरिरहेका व्यक्तित्व

यी तथा सम्बन्धित अन्य क्षेत्रबाट उत्कृष्ट योगदान दिने एक जना व्यक्तित्वलाई छनोट समितिको सिफारिसमा पुरस्कार प्रदान गरिनेछ ।

सिफारिस योग्य व्यक्तित्वले निम्न मापदण्ड पूरा गरेको हुनुपर्नेछ :

- कुनै पनि प्रकारको फौजदारी कसुर, भ्रष्टाचार, आर्थिक अपराध, मानवताविरोधी अपराध वा युद्ध अपराधमा आरोपित नभएको,
- जातीय द्वेष, विभेद, यौन हिंसा, यौन दुरुपयोग वा नैतिक पतनसँग सम्बन्धित कुनै अपराधमा संलग्न

नभएको,

- नैतिकवान, सदाचारी तथा समाजमा सकारात्मक प्रभाव पार्ने जीवनशैली अपनाएको ।

यो पुरस्कार केवल एउटा सम्मान होइन, बरु स्व. प्रकाश काफ्लेले देखेको न्यायपूर्ण, विभेदमुक्त र मानव अधिकार सम्मानित समाज निर्माण गर्ने सामूहिक प्रतिबद्धता हो । इन्सेकले विगत तीन दशकदेखि गरिरहेको मानव अधिकार शिक्षा, अनुगमन, पैरवी र अभियानलाई यो पुरस्कारले थप ऊर्जा दिन्छ । यसले नयाँ पुस्ताका मानव अधिकारकर्मीहरूलाई प्रेरणा प्रदान गर्दै नेपालको लोकतान्त्रिक तथा समावेशी विकासमा योगदान पुऱ्याउनेछ भन्ने विश्वास छ ।

**सिफारिसका साथ विवरण पठाउने ठेगानाः**

hraward@insec.org.np/insec@insec.org.np